आज मिति २०८२ साल चैत्र २६ गते बिहिबार यस हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति

| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्त्री दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री भरत गौतम | सदस्य सचिव | | |

प्रतिलिपि प्रमाणित

हेटौंडा उपमहानगरपालिकाको ८१ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

| प्रस्ताव | निर्णय |
|---|---|
| १) प्रगति समिक्षा सम्बन्धमा । | मिति २०८२/११/२९ गतेको ८० औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो । |
| २) आय व्यय सम्बन्धमा । | आर्थिक वर्ष २०८२/०८३ को मिति २०८२।१२।२६ गतेसम्म कुल अनुमान गरिएको आयतर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत रु.१,५५,५०,३५,१८५।३८ गरी अर्थात ५२.९८ प्रतिशत आम्दानी भएको र व्ययतर्फ रु.१,०९,६३,८१,७०३.९६ अर्थात ३७.३५ प्रतिशत खर्च भएको आय व्ययको विवरण जानकारी भयो । |
| ३) जग्गा सिफारिस सम्बन्धमा । | (क) हेटौंडा उपमहानगरपालिका वडा नं.१४ स्थित उर्गेन पेमा डुप्किलिङ बौद्ध गुम्बाले २०११ सालदेखि भोग चलन गर्दै आएको र २०७० सालमा गुम्बा विकास सिमितिमा दर्ता भएको पूर्वमा खहरे, पश्चिममा आवादि ठाडो रोड, उत्तरमा कृष्णमायाको घर र दक्षिणमा फुटबल चौरदेखि तल रहेको करिब ३ हेक्टर जग्गा भोग गर्दै आइरहेको, उक्त क्षेत्रको जग्गा संरक्षण, सम्बर्धन गरिरहेकोमा सोही स्थानको जग्गा लिजमा लिनका लागि माग भई आएकों सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ६ बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वड नं. १४ स्थित उक्त ३ हेक्टर जग्गा सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा उर्गेन पेमा डुप्किलिङ बौद्ध गुम्बालाई लिजमा उपलब्ध गराउने गरी प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।<br>(ख) श्री प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को च.नं. ४१६ मिति २०८२।१०।२३ गतेको प्राप्त पत्रानुसार परिषद्को प्रशासनिक भवन निर्माणको लागि चालु आ.व. २०८२/८३ मा बजेट विनियोजन भएको परिषद्को नाममा कुनै पनि जग्गा नरहेको हुँदा हेटौंडा उपमहानगरपालिका भित्रको उपयुक्त स्थानमा करिब ०-२-० जग्गा माग भई आएको सन्दर्भमा हेटौंडा उपमहानगरपालिका वडा नं. ८ स्थित नगर विकास समिति हेटौंडाको स्वामित्वमा रहेको हाल पशु सेवा केन्द्र कमाने-८ को परिसर भन्दा पश्चिम तर्फको खाली जग्गा पूर्वमा पशु सेवा कार्यालय, पश्चिममा समितिको जग्गा उत्तर तर्फ बाटो र दक्षिण तर्फ समितिकै जग्गा रहेको चार किल्ला क्षेत्रभित्रको कि.नं. ९३४१ को ज.वि. १७-१२-९ जग्गा मध्येबाट ०-२-० जग्गा प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्लाई लिजमा उपलब्ध गराउने भनी नगर विकास समिति हेटौंडाको मिति २०८२।११।२८ गतेको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ६ बमोजिमको प्रकृयाको लागि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्लाई लिजमा उपलब्ध गराउने गरी प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने । |

प्रमाणीकरण गरियो ।

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| ४) प्लाष्टिकमुक्त वडा छनौट सम्बन्धमा। | डिभिजन वन कार्यालय, मकवानपुरको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत एक जिल्ला एक वडा प्लाष्टिकमुक्त अभियान कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकाको वडा नं. ७ लाई छनौट गरी कार्यान्वयन गर्न पठाउने । |
| ५) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रतिवेदनको स्वीकृति सम्बन्धमा। | हेटौंडा उपमहानगरपालिकाले आ.व. २०८१/०८२ मा गरेका कार्यहरुको आधारमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७८ बमोजिम गरिएको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन २०८१/०८२" स्वीकृत गर्ने । |
| ६) गृहणी महिला सशक्तिकरण कार्यक्रम सम्बन्धमा । | सामाजिक विकास कार्यालय, मकवानपुर र यस हेटौंडा उपमहानगरपालिका बीच मिति २०८२।१२।१९ मा भएको सम्झौता अनुसारको गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न १५ र १७ नं. वडा छनौट गर्ने साथै आवश्यकतानुसार सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । |
| ७) बोलपत्र (टेण्डर) आह्वान सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिका भएर बग्ने किसेडी खोला तथा राप्ती नदी (किसेडी खोला देखि नवलपुर झोलुङ्गे पुलसम्म) लगायत विभिन्न वगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दिगो रुपमा उत्खनन् तथा संकलन गर्नका लागि जिल्ला समन्वय समिति, मकवानपुरबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिको च.नं. ६२४ मिति २०८२।१२।२६ को पत्रबाट १९,८०० घनमिटर नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्न सहमति प्राप्त भएको हुँदा उक्त पत्र बमोजिम हुने गरी उल्लेखित परिमाणमा नदीजन्य पदार्थको उत्खनन र संकलनको लागि प्रचलित कानून बमोजिम बोलपत्र (टेण्डर) प्रक्रिया अगाडि बढाउने । |
| ८) ऋण तथा अनुदान माग गर्ने सम्बन्धमा। | नगर विकास कोषको च.नं. १०३६ मिति २०८२।०९।२९ गतेको प्राप्त पत्रानुसार मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा उपमहानगरपालिकाको प्रशासनिक भवन समेत जलाई पूर्ण रुपमा क्षती भएकोमा प्राविधिक प्रतिवेदन बमोजिम रेट्रोफिटिङ गरी बस्न योग्य भएको हुँदा नगर विकास कोषबाट प्रशासकीय भवन मर्मतको लागि ३० प्रतिशत अनुदान, ५० प्रतिशत सहुलियत व्याजदरमा ऋण र २० प्रतिशत सम्बन्धित स्थानीय तहको लगानी रहने गरी वित्तीय ढाँचामा बढीमा ३ करोड रुपैयाको कुल लागत रहने कार्यक्रम स्वीकृत भएको भनी पत्राचार भएको हुँदा उपमहानगरपालिकाको प्रशासनिक भवन मर्मत तथा स्तरोन्नतीका लागि उक्त अनुदान तथा ऋण नगर विकास कोषसँग माग गर्ने । |

प्रमाणीकरण गरियो।
दस्तखत: ..........
नाम: ..........
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ..........

प्रतिलिपि प्रमाणित

<table>
<tr>
<td>९) दैनिक ज्यालादारी कर्मचारी सम्बन्धमा ।</td>
<td>यस उपमहानगरपालिकामा विभिन्न क्षेत्रमा कार्यालयको आवश्यकता र औचित्यता अनुसार दैनिक ज्यालादारीमा लगाइएका कर्मचारीहरुलाई काम गरेको दिनको ज्याला दिई रहेकोमा नेपाल सरकार २ दिन शनिबार र आईतबार सार्वजनिक विदा दिने निर्णय गरेकोमा त्यस्ता दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई सम्बन्धित महाशाखा, शाखाले आवश्यक्ता र औचित्यताको आधारमा विदाको दिन पनि काममा लगाउनु पर्ने भएको हुँदा यसरी काममा लगाए बापत काम गरेको दिनको पारिश्रमिक त्यस्ता कर्मचारीलाई भुक्तानी गर्ने ।</td>
</tr>
<tr>
<td>१०) बजेट सुनिश्चितता सम्बन्धमा ।</td>
<td>हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको योजनामा बजेट अपुग हुने भएकोले आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी बहुवर्षीय ठेक्काको रुपमा बोलपत्र आह्वान गर्न सहमति प्रदान गर्ने:<br>
<u>तपसिल</u>
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सूर्यचोक-कर्रा चोक/पृथ्वी पथ लगायत वडाका अन्य सडक स्तरीकरण, हेटौंडा-४</td><td></td></tr>
<tr><td>२</td><td>मेघा विद्यालय पूर्वाधार निर्माण, (भूटनदेवी मा.वि.सँगको साझेदारीमा) हेटौंडा-४</td><td></td></tr>
<tr><td>३</td><td>भोर्ले लिफ्त सिंचाई आयोजना, हेटौंडा-१२</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>११) म्याद थप सम्बन्धमा ।</td>
<td>हेटौडा उपमहानगरपालिका कार्यालय र अन्तर्गत वडा कार्यालयहरु मार्फत संचालित तपसिल बमोजिमको योजनाहरुको म्याद २०८२।१२।३० गते सम्म थप गर्ने:<br>
<u>तपसिल</u><br>
१. भ्यू टावर निर्माण, हेटौंडा-३<br>
२. दक्षिणकाली मन्दिर देखि पदमपोखरी चोक नाला निर्माण हेटौंडा-१३<br>
३. चन्द्रोदय मा.वि. हेटौंडा-८</td>
</tr>
<tr>
<td>१२) दायित्व भुक्तानी सम्बन्धमा ।</td>
<td>आर्थिक वर्ष ०८१/०८२ मा कार्य सम्पन्न भई भुक्तानी हुन दायित्व बाँकी रहेको तपसिल बमोजिमका योजना तथा कार्यक्रमको स्वीकृत म.ले.प.फा.नं.२२१ बमोजिमको विवरण सुत्रमा इन्ट्री हुन छुट भएको भनी सम्बन्धित वडा कार्यालयबाट लेखि आएको हुँदा उपमहानगरपालिकाको २०८२।०९।२५ गतेको १८ औं नगर सभामा पेश भई छुट भएको दायित्व भुक्तानी गर्नका लागि गत वर्षको दायित्व पूँजीगत शीर्षकबाट खर्च रकम लेखी वडामा निकास गर्ने:<br>
१. मायादेवी सडक निर्माण उपभोक्ता समिति, हटौंडा-२ रु.४,००,०००।००<br>
२. ब्याडमिन्टन हल निर्माण (श्री ब्याडमिन्टन हल सामुदायिक भवन निर्माण उपभोक्ता समिति), हेटौंडा-६, ४,९१,३५९।००</td>
</tr>
</table>

प्रमाणीकरण गरियो ।
दस्तखत: ..................
नाम: भरत गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति ..................

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| १३) क्षतीपूर्ती सम्बन्धमा । | मिति २०८२।०५।२४ गते कार्यालयको कामको सिलसिलामा कार्यालयभित्र नै कार्य गर्दा गर्दै एक्कासी जेनजी आन्दोलनले उग्ररुप लिँदा कार्यालय परिसरमा ढुङ्गामुढा, तोडफोड र आगलागीबाट कार्यालयभित्र रहेका सवारी साधन र कर्मचारीको निजी सवारी साधन समेत आगजनीमा परी पूर्ण रुपमा क्षती भएको व्यहोरा प्रहरी मुचुल्काबाट समेत देखिएकोले कार्यालयको कामको सिलसिलामा नै उक्त निजी सवारी साधन क्षती भएको देखिंदा मिति २०८२।०९।२५ गतेको १८ औं नगरसभाको संशोधित बजेटको क.सं. १४४ मा उल्लेखित उद्धार, राहत तथा पुनर्स्थापना खर्च जेनजी आन्दोलन क्षतिपूर्ती सोधभर्ना शीर्षकबाट तपसिलबमोजिमका कर्मचारीहरुलाई क्षतीपूर्ती वापत तपसिलबमोजिमको रकम उपलब्ध गराउने:<br>तपसिल |

| सि.नं. | कर्मचारीको नाम थर | पद | क्षती भएको सवारी साधनको विवरण | क्षतीपूर्ती वापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रभात कुंमा यादव | सब-ईन्जिनियर | ज.१२.प.९१६४ (TVS Motorbike, 125CC) | ५०,०००।०० | |
| २ | श्रीराम पौडेल | सहायक पाँचौ | ना.४३.प.७१५३ (Yamaha Scooter, 113CC) | ५०,०००।०० | |
| ३ | लोक बहादुर थापा | कम्प्युटर अपरेटर | ना.३५.प.३०८४ (Yamaha Motorbike, 150CC) | ५०,०००।०० | |

| | |
|---|---|
| १४) क्यालेण्डर निर्माण समिति गठन सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिका अन्तर्गत सञ्चालनमा रहेको सामुदायिक तथा संस्थागत विद्यालयको लागि शैक्षिक सत्र २०८३ को शैक्षिक क्यालेण्डर निर्माण गर्न देहायबमोजिमको समिति गठन गर्ने:<br>१) संयोजक: शिक्षा विकास महाशाखा प्रमुख<br>२) सदस्य: प्रशासन महाशाखा प्रमुख<br>३) सदस्य: कानून शाखा प्रमुख<br>४) सदस्य: नगर शिक्षक महासंघ अध्यक्ष<br>५) सदस्य: आर्थिक प्रशासन शाखा<br>६) सदस्य: अधिकृत, शिक्षा विकास महाशाखा<br>७) सदस्य सचिव: शिक्षा अधिकृत (अधिकृत स्तर सातौं)<br>उक्त समितिले आवश्यकता अनुसार विज्ञ तथा अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । |

प्रमाणीकरण गरियो ।
दस्तखत: ..........
नाम: भरत गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति ..........

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| १५) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिकाको नगर सभाको १८ औं अधिवेशनबाट संशोधन स्वीकृत भएको योजना तथा कार्यक्रम अनुसार बालवालिका अभिभावक व्यवस्थापन समिति शिक्षकसँग मनोपरामर्श तथा उत्प्रेरणा कार्यक्रम (पब्लिक डिस्कोर्स फउण्डेसनसँगको सहकार्य) शीर्षकमा विनियोजन भएको जम्मा रकम रु.३० लाखबाट देहायबमोजिमको कार्यक्रम सञ्चालन गर्ने:<br>१) विद्यालयमा महिला शिक्षक/किशोरी/छात्रा यौन हिंसा विषयक अभिमुखिकरण कार्यक्रम रु.५ लाख<br>२) विद्यालयमा कक्षा ८ परीक्षा सम्बन्धी कार्यक्रम खर्च रु.५ लाख<br>३) विद्यालयमा प्री स्कुल ट्रान्सफर्मेशन कार्यक्रम सञ्चालन रु.५ लाख<br>४) संस्थागत विद्यालय, कक्षा ११/१२ छात्रबृत्ति कार्यविधि निर्माण कार्यशाला कार्यक्रम रु.१ लाख<br>५) आवधिक शिक्षा योजना अन्तिमिकीकरण रु.१ लाख<br>६) अन्य स्थानीय तहको शिक्षा समितिसँग अन्तरक्रिया कार्यक्रम रु.२ लाख<br>७) विविध बैठक/अनुगमन/कार्यक्रम खाजा खर्च रु.१ लाख<br>८) विद्यार्थीहरुमा स्काउट प्रवर्द्धन कार्यक्रम रु.२ लाख<br>९) विद्यालयमा बृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालन रु.५ लाख |
| १६) विविध आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग माग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने र उपलब्ध गराइएको सहयोग रकम अनुमोदन गर्ने: |

| सि.नं. | सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम | ठेगाना | सहयोग रकम रु. | खर्च व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | हिरा संजेल, औषधी उपचार सहयोग | हेटौंडा-६ | १०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| २ | विष्णु कुमारी श्रेष्ठ, नातीको उपचार सहयोग | हेटौंडा-१० | ३०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| ३ | सुनिल मल्ल, छोराको उपचार सहयोग | हेटौंडा-९ | ३०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |

प्रमाणीकरण गरियो ।
दस्तखत: ...............
नाम: भरत गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ...............

प्रतिलिपि प्रमाणित

| | | | | | |
|---|---|---|---|---|---|
| | ४ | गुरुङ आले मगर, उपचार सहयोग | हेटौंडा-१४ | १०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | ५ | पशुपति पाध्य, श्रीमतीको उपचार सहयोग | हेटौंडा-१२ | ३०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| | ६ | हेटौंडा भेट्रान्स क्लब, एघारौं हेटौंडा राष्ट्रिय भेट्रान्स कप 'द' ए साईड रनिङ्ग शिल्ड फुटवल प्रतियोगिता २०८२ सहयोग | हेटौंडा, मकवानपुर | २,००,०००।०० | विविध खेलकुद प्रतियोगिता सहयोग, खर्च शीर्षक २२५२२ पेज नं. १६३ सि.नं. १०९८ |
| | ७ | अनुग्रह तामाङ, अध्ययन सहयोग | हेटौंडा-२ | ५०,०००।०० | शैक्षिक सुधार कार्यक्रम मेयरसँग खर्च शीर्षक २२५२२ पेज नं.१६६ सि.नं.११३३ |
| | ८ | १० नं.वडा कार्यालय, तेश्रो घरेलु उत्पादन प्रवर्द्धन प्रदर्शनी तथा नृत्य प्रतियोगिता एवम् शैक्षिक मेला, २०८२ सहयोग | हेटौंडा-१० | ५,००,०००।०० | मागमा आधारित मेला महोत्सव कार्यक्रम १८ औं नगरसभाबाट संशोधन भएको खर्च शीर्षक २२५२२, वडा कार्यालयमा नै अख्तियारी प्रदान गर्ने गरी सहयोग गर्ने । |

१७) योजना स्वीकृती सम्बन्धमा ।

हेटौंडा उपमहानगरपालिका अन्तर्गत तपसिल वमोजिमको वडाहरुवाट योजनाहरु माग भई आएकोमा चालु आर्थिक वर्ष २०८२/०८३ को १८ औं नगर सभावाट स्वीकृत कार्यक्रम अन्तर्गत विविध पूर्वाधार शीर्षकमा विनियोजित बजेटबाट तपसिलबमोजिमको योजना कार्यान्वयन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्ने:

तपसिल

| सि.नं. | योजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | चाइनाक्वाटरमा कृष्ण थापाको घर देखी भरत गिरीको घर सम्मको ठाडो बाटोमा नाला निर्माण | १ | ३००,०००.०० |
| २ | वशं गोपाल स्कुलको शौचालय निर्माण, चौघडा ६ | २ | ४००,०००.०० |
| ३ | विधुतिय पोल स्थानान्तरण, हेटौंडा ३ | ३ | ६०,०००.०० |
| ४ | जिल्ला प्रहरी कार्यालयको प्राङगडमा रहेको इन्टरलक ब्लक पूर्ण नष्ट भएकोले उक्त स्थानमा नयाँ ब्लक हाल्ने कार्य | १० | २००,०००.०० |
| ५ | आल्दमार स्थित आनन्द बर्तौलाको खेतदेखी सुब्बा सापकोटाको खेतसम्म रहेको घोलमा मेशिनरी वाल निर्माण | १२ | २००,०००.०० |
| ६ | भोर्ले कोत्रा रुम्वा कान्छा को घर हुदैं बालकेन्द्र कल्भर्ड अधुरो स्ल्याव ढलान | १२ | ४००,०००.०० |

प्रमाणीकरण गरियो ।
दस्तखत: ........
नाम: भरत शर्मा
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ........

प्रतिलिपि प्रमाणित

| | | | |
|---|---|---|---|
| ७ | छुमी ज्याङ्छो लिङ गुम्बा पूर्वाधार निर्माण | १२ | २००,०००.०० |
| ८ | लालझाडी मैनटारमा दाह संस्कार गर्न आर्यघाट जाने बाटो स्तरीकरण | १ | ४००,०००.०० |
| ९ | गंगटे खोला नजिक रहेको ढिकुरे पाटीको सुरक्षाको लागी तारजाली माग | १७ | १००,०००.०० |
| १० | हेटौंडा ११ सागरपथ स्थित एल.टी.लाइन भएको विधुतीय संरचना स्थानान्तरण | ११ | ४०,६५८.६२ |
| ११ | ङ्येमा होअस्हेर गुम्वामा शौचालय निर्माण | १५ | ४००,०००.०० |
| १२ | सकृय टो.वि.सं.अन्तर्गत रहेको ठुलोथली मेन रोडदेखी सिरान टोल जाने अधुरो स्ल्याब ढलान | १३ | ५००,०००.०० |
| १३ | दक्षिणकाली मन्दिर देखि पदमपोखरी चोक नाला निर्माण | १३ | २५०,०००.०० |
| १४ | जि.एस.वोर्डिङ्ग पछाडीको टोलमा धेरै वर्षदेखी डुवानको समस्या परेकोले सो स्थानमा नाला निर्माण | ५ | ४००,०००.०० |
| १५ | पानदमार दियाले क्षेत्रमा रहेको खेतीयोग्य जमिनमा सिचाँइ नभएकोले सिंचाइको लागि पाईप | १७ | ५००,०००.०० |
| १६ | वाटिका टो.वि.सं.अन्तर्गत वासुकला पार्टी प्यालेस अगाडी अधुरो स्ल्याब ढलान | ५ | ६००,०००.०० |
| १७ | वलराम हुमागाईको घर देखी कृष्ण पोखरेलको घर सम्म नाला निर्माण | ५ | ८००,०००.०० |
| १८ | वडा नं.५ स्थित खेलमैदानमा ओपन जीमको सामाग्री तथा बालमैत्री पार्कको लागि व्यायाम सामाग्री | ५ | ८००,०००.०० |
| १९ | वडा नं.११ स्थित मेनरोडबाट डि.आई.जी कार्यालय जाने करिव २०० मि.भित्री बाटोमा स्ल्याब ढलान | ११ | ५००,०००.०० |
| २० | संगम चोकको काल भैरव मन्दिर निर्माण | २ | ८००,०००.०० |
| २१ | कान्तिलोक पथ वाट भाइटार जाने वाटो निर्माण | ६ | ७०,०००.०० |
| २२. | फरिम चौर सिचाई योजना | ३ | २८३,१८०.०० |
| २३ | लालि गुरास टोल अन्तर्गत कल्पना दाहालको घर जाने वाटो हेटौंडा,११ | ११ | ३००,०००.०० |
| २४ | सागरपथ टोल अन्तर्गत मिना मोक्तानको घर जाने वाटो स्लाव ढलान हेटौंडा,११ | ११ | ३००,०००.०० |
| २५ | वनदेवी आधारभुत विधालय हेटौंडा,१५ खाजा घर निर्माण सहयोग | १५ | ३००,०००.०० |
| २६ | शहिद स्मारक गेट देखि दक्षिण तर्फ खोला सम्म अधुरो वाटो निर्माण हेटौंडा,११ | ११ | ५००,०००.०० |
| २७ | हेटौंडा जनप्रिय क्याम्पस प्रवेश गेट निर्माण र पुर्वाधार निर्माण हेटौंडा,१६ | १६ | ३००,०००.०० |
| २८ | हेटौंडा जनप्रिय क्याम्पस तेश्रो तल्लाको भवन निर्माण हेटौंडा,१६ | १६ | १,०००,०००.०० |
| २९ | श्री राजदेवी दुग्ध उत्पादक सहकारी संस्था लि. भवन निर्माण हेटौंडा,१७ | १७ | १,०००,०००.०० |

प्रमाणीकरण गरियो ।
दस्तखत: ..........
नाम: भरत गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ..........

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | ३० | हेटौंडा,८ मुख्य सडकको ढल व्यवस्थापन | ८ | १५०,०००.०० |
| | ३१ | वि.क.टोल जाने वाटो निर्माण हेटौंडा,१८ | १८ | ५००,०००.०० |
| | ३२ | नया रोड सडक स्लाव हेटौंडा,१८ | १८ | ५००,०००.०० |
| | ३३ | तेश्रो रोड स्लाव ढलान हेटौंडा,१८ | १८ | ५००,०००.०० |
| | ३४ | लक्ष्मी स्कुल चौक देखि उत्तर तर्फको फुटपाथमा ईन्टर लक विच्छाउने कार्य हेटौंडा,४ | ४ | ७००,०००.०० |
| | ३५ | थाना भर्याङ्ग टोल विकास संस्था अन्तर्गत यातायात कार्यालय जाने वाटो नाला निर्माण हेटौंडा,११ | ११ | ४००,०००.०० |
| | ३६ | वडा कार्यालय जाने वाटो निर्माण हेटौंडा,६ | ६ | ५००,०००.०० |
| | ३८ | मदन लामाको घर अगाडिवाट पूर्वपट्टी स्ल्याव वाटो निर्माण, हेटौंडा-११ | ११ | ५००,०००.०० |
| | ३९ | हेटौंडा ५ तुलाराम थापाको घर अगाडी ढल निर्माण | ५ | १,०००,०००.०० |
| | ४० | वडा नं. १९ ज्यमिरे स्वस्थ्य केन्द्र र अरनिको आ.वि. सम्म स्ल्याव ढलान | १९ | २,०००,०००.०० |
| | ४२ | दिव्य सेवा निकेतन हेटौंडा,१५ | १५ | १,०००,०००.०० |
| | ४३ | हात्तिलेट सामुदायिक भवन निर्माण हेटौंडा-६ | ६ | ५००,०००.०० |
| | ४४ | उत्साह मार्ग सडक स्लाव हेटौंडा १८ एक्ले खेत | १८ | १,०००,०००.०० |
| | ४५ | सामुदायिक भवन निर्माण हेटौंडा १८ | १८ | ५००,०००.०० |
| | ४७ | हर्नामाडी कला प्रतिष्ठान पुर्वाधार निर्माण हेटौंडा,१८ | १८ | ३००,०००.०० |
| | ४८ | नगरमित्र रोड मार्किङ तथा सौन्दर्यकरण | नगर | १,०००,०००.०० |
| | ४९ | ढल व्यवस्थापन ह्युम पाइप खरिद गणेश स्यार्से अगाडि, हेटौंडा-११ | ११ | १,०००,०००.०० |
| | ५१ | वाईपास सडक मर्मत हेटौंडा,१० | १० | ८००,०००.०० |
| | ५२ | भुटनदेवि सामुदायिक वन १० नं. वडा | १० | ७००,०००.०० |
| | ५३ | साङसिटु छोकुङ गुम्वा पूर्वाधार निर्माण, हेटौंडा-११ | ११ | १,०००,०००.०० |
| | ५५ | जित वहादुर रुम्वाको घरदेखि सरस्वती रोडसम्मको वाटो स्तरीकरण, हेटौंडा-११ | ११ | ५००,०००.०० |
| | ५६ | पितक वहादुर पराजुलीको घरसम्म जाने वाटो गुरौंविर्ता, हेटौंडा-१२ | १२ | ५००,०००.०० |
| | ५७ | पुरानो कलभर्टमा पुल निर्माण जम्वो जाने वाटो हेटौंडा-३ (मागमा आधारीत विविध पुर्वाधार वडा नं.३) | ३ | १,५००,०००.०० |
| | ५८ | वसाहमहादेव सडक स्ल्याव ढलान (मागमा आधारीत विविध पुर्वाधार वडा नं.३) | ३ | ८,००,०००.०० |
| | ५९ | छार्लाम टोल रातोमाटे डाँडामा सडक ट्र्याक ओपन (मागमा आधारित विविध पुर्वाधार वडा नं.३) | ३ | १,५०,०००।०० |
| | ६० | चित्रेपानी महिला गुठी समाज, हेटौंडा-१५ (विविध पूर्वाधार) | १५ | ३,००,०००।०० |

प्रमाणीकरण गरियो ।
दस्तखत ............
नाम: भरत गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति ............

प्रतिलिपि प्रमाणित